# १३ हाम्रो प्रभु येशूको दोस्रो महिमित आगमन

***यस अध्यायका मूल पदहरू*** यशैया १३:६,९, मत्ती २४:३०,३१, दानिएल २:३४, ३५, २ तिमोथी ४:६-८ र २ थेस्सोलिनिकी १:७:१०।

***यस अध्यायको मूल सार पद:*** **" किनकि जसरी बिजुली पूर्वबाट चम्कदा पश्चिमसम्मै उज्यालो हुन्छ,त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। " (मत्ती** २४:२७)

बेलायतका प्रख्यात कवि टि.एस. इलियट आफ्नो एउटा कविता यसरी शुरू गर्छन्: "मेरो शुरू नै मेरो अन्त हो।" यो वाक्य मार्मिक भएतापनि उनका शब्दहरूमा अत्यन्त शक्तिशाली सत्य कुरा लुकेको पाइन्छ। शुरूमा नै अन्त्यको अस्तित्व हुन्छ। हाम्रो सेभेन्थ-डे एडभेन्टिस्ट नाउँमा बाइबलका दुई यथार्थ सत्यहरू समेटिएका छन्। "सेभेन्थ डे अर्थात सातौं दिन जुन दश आज्ञाहरूको एक भाग हो। परमेश्वरले नै यो संसार छ दिनमा सृष्टि गर्नुभयो भन्ने साप्ताहिक स्मारकको रूपमा साबथ स्थापना गरिएको हो र एडभेन्टिस्टले येशूको दोस्रो आगमनलाई औंल्याउँछ। हाम्रो सारा आशा, बाइबलमा उल्लेख गरिएका प्रतिज्ञाहरू र हामीले पाउने अनन्त जीवनसमेत येशूको दोस्रो आगमनमा पूरा हुनेछ।

हाम्रो शुरु वा संसारको सृष्टिभएदेखि येशूको दोस्रो आगमनसम्मको समय धेरै वर्ष टाढा भएतापनि ती दुई घट्नाहरू एक आपसमा जोडिएका छन्। जुन परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो (यूहन्ना १:१-३) त्यही परमेश्वर आँखाको निमेषमा र तुरहीको आवाजमा फर्केर आउनुहुनेछ, (१ कोरन्थी १५:५२ ) र उहाँले नै अन्तिम चरणमा हाम्रो उद्धार गर्नुहुनेछ।

हामी यस अध्यायमा अन्त्यमा हुने घट्नाहरूको वारेमा छलफल गर्नेछौं। बर्तमान युगमा भइरहेका घट्नाहरूले येशूको दोस्रो आगमनलाई कसरी औंल्याइरहेको छ, तिनै विषय यस अध्यायको छलफलको बिषय हुनेछ।

## १. परमेश्वरको दिन

कतिपय मानिसहरूले येशूको दोस्रो आगमनको चर्चा केवल नयाँ करारमामात्र गरिएको छ भनेर सोच्दछन्, तर त्यो सत्य होइन। हो येशूको पहिलो आगमन, उहाँको मृत्यु, पुनरुत्थान तथा स्वर्गमा उक्लिनु भएपछिमात्र

उहाँको दोस्रो आगमनको सत्य बारेमा धेरै कुराहरू प्रकट गरिएको छ। येशूको हुनेवाला आगमनवारे धेरै वर्ष पहिलेदेखि नै पुरानो करारमा विभिन्न तरिकाहरूद्वारा जनाउ दिइएको छ। येशूको दोस्रो आगमनको बारेमा चर्चा गर्दा नयाँ करारका लेखकहरूले कुनै नयाँ सत्यलाई उघारेनन् बरू पुरानो करारमै देखाइएको सत्यलाई अझ बढ्ता व्याख्या गरेका छन्। येशूको मृत्यु र पुनरुत्थानको आत्मज्ञानले मात्र उहाँको आगमनको प्रतिज्ञाका विषयमा पूर्णरूपमा बुझ्न सक्ने भएका छौं र त्यसको सह्राना गर्न सक्ने भएका।

पुरानो करारका देहायका पदहरू पढ्नुहोस्। तिनले येशूको दोस्रो आगमनको बारेमा हामीलाई के सिकाउँछन्? हेर्नुहोस्: यशैया १३:६-१३ "६ डाँको छोड़ी-छोड़ी रोऊ, किनकि परमप्रभुको दिन नजिक छ। सर्वशक्तिमान्को तर्फबाट भयङ्कर सर्वनाशको रूपमा त्यो आउनेछ। ७ यसकारणले गर्दा सबै हातहरू कमजोर हुनेछन्, सबै मानिसहरूको मुटुले ठाउँ छोड्नेछ। ८ तिनीहरू डराउनेछन्। पीडा र वेदनाले तिनीहरूलाई छोप्नेछ, सुत्केरी स्त्रीलाई पीडा भए झैं तिनीहरू पीडाले व्याकुल हुनेछन्। तिनीहरू एक-अर्कालाई चकित भई हेर्नेछन्। तिनीहरूको अनुहार आगोको ज्वाला झैं हुनेछ। ९ हेर, परमप्रभुको दिन देशलाई उजाड़ पार्न र त्यहाँ भित्र भएका पापीहरूलाई त्यहाँबाट सर्वनाश गर्न, क्रोध र भयानक रिसको साथ निष्ठुर दिन आइरहेछ। १० आकाशका ताराहरू र तिनका तारापुञ्जले आफ्नो चमक दिनेछैनन्। सूर्य पनि उदय हुँदाहुँदै अँध्यारो हुनेछ, र चन्द्रमाले ज्योति दिनेछैन। ११ म संसारलाई त्यसको दुष्टयाइँको निम्ति र दुष्टलाई तिनीहरूका अधर्मको निम्ति दण्ड दिनेछु। म अहङ्कारको घमण्डीको अन्त गर्नेछु, र निष्ठुरहरूको शेखी झार्नेछु। १२ म मान्छेलाई निखुर सुनभन्दा दुर्लभ र ओपीरको सुनभन्दा पनि अझ अप्राप्य बनाउनेछु। १३ यसैकारण उहाँको ज्वलन्त रिसको दिनमा म आकाशलाई थरथर काम्ने तुल्याउनेछु, र सर्वशक्तिमान् परमप्रभुको क्रोधमा पृथ्वी त्यसको ठाउँमा हल्लिनेछ।", जकरिया १४:१-९ "१ परमप्रभुको एउटा यस्तो दिन आउँदै छ, जब तिमीहरूबाट लुटिएको लूट तिमीहरूकै बीचमा बाँड़िनेछ। २ म सबै जातिहरूलाई यरूशलेमको विरुद्ध लड़ाइँ गर्नलाई भेला गराउनेछु, र यो सहर लिइनेछ, र घरहरू लुटिनेछन्, र स्त्रीहरूलाई बलात्कार गरिनेछ। सहरको आधा भाग निर्वासन गरिनेछ, तर बाँकी रहेका मानिसहरूचाहिँ सहरबाट अलग लगिनेछैनन्। ३ तब युद्धको दिनमा लड़ाइँ गरे झैं परमप्रभु निस्केर ती जाति-जातिहरूसित लड़ाइँ गर्नुहुनेछ। ४ त्यस दिन उहाँका खुट्टाले यरूशलेमको सामु पूर्वतिर भएको जैतून डाँड़ामा टेक्नेछन्, अनि पूर्वदेखि पश्चिमसम्म जैतून डाँड़ाको

बीचमा धाँजो फाट्नेछ, र त्यहाँ एउटा ठूलो खोल्सा बनिनेछ। आधा पर्वत उत्तरतिर र आधा पर्वत दक्षिणतिर छुट्टिनेछ। ५ तिमीहरू मेरो पर्वतको खोल्साबाट भएर भाग्नेछौ, किनकि त्यो आसेलसम्म फैलिनेछ। यहूदाका राजा उज्जियाहको पालोमा आएको भूकम्पमा मानिसहरू भागे झैं तिमीहरू भाग्नेछौ। तब परमप्रभु मेरा परमेश्वर उहाँका सबै पवित्र जनहरूसँग आउनुहुनेछ। ६ त्यस दिन न त उज्यालो हुनेछ, न ठन्डा हुनेछ न तुसारो पर्नेछ। ७ त्यस दिनमा रात हुनेछैन, त्यो एउटा अनौठो दिन हुनेछ– जो परमप्रभुले जान्नुहुन्छ। जब साँझ पर्छ, तब उज्यालै रहनेछ। ८ त्यस दिन यरूशलेमबाट जिउँदो पानी निस्केर आउनेछ, आधाचाहिँ पूर्वको समुद्रतिर र आधाचाहिँ पश्चिमको समुद्रतिर बगिनिस्कनेछ, हिउँद र वर्षामा नित्य बगिरहनेछ। ९ परमप्रभु समस्त पृथ्वीका राजा हुनुहुनेछ। त्यस दिन एकमात्र परमप्रभु हुनुहुनेछ र उहाँकै नाउँ मात्र हुनेछ।" र दानिएल १२:१-४ "१ “त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू शुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्। २ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। ३ बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोर्‍याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्। ४ तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका मुट्ठाका वचनहरू अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख। धेरै जना ज्ञान बढ़ाउनलाई यता र उता जानेछन्।”

येशूको दोस्रो आगमन सबैको निम्ति रमाइलो दिन हुनेछैन। परमेश्वरमाथिको निष्ठालाई त्यागेर पाप, अधर्म र अत्याचार गर्नेहरूको निम्ति त्यो दिन शोक र नाशको दिन हुनेछ। तर परमेश्वरको पुस्तकमा नाउँ हुनेहरूको निम्ति त्यो दिन परमेश्वरका सबै मानिसहरूको निम्ति उद्धारको दिन हुनेछ (फिलिप्पी ४:३, प्रकाश ३:५,१३:८)। यो परमेश्वरको दिन दुष्टहरूको निम्ति न्यायको दिन हुनेछ तर परमेश्वरका निष्ठावान मानिसहरूलाई सुरक्षित राखिनेछ र तिनीहरूलाई इनाम दिइनेछ भनेर पुरानो करारमा लेखिएको छ। कुनै मानिसहरूले परमेश्वरको प्रचण्ड क्रोधको सामना गर्नुपर्नेछ भने उहाँको धार्मिकता र नम्रता खोज्नेहरूलाई परमेश्वरको क्रोधबाट लुकाइनेछ। (सपन्याह २:१-३)

**हराएकाहरू वा परमेश्वरबाट टाढा रहन मनपराउनेहरू र उद्धार पाएकाहरुको स्थिति येशूको दोस्रो आगमनमा कस्तो हुनेछ भनेर मत्ती २४:२९-३१ले पनि पुरानो करारसँगै कसरी सहमति देखाएको पाइन्छ? हेर्नुहोस्: "२९ “ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।" अन्तिम युगमा हुने घट्नाहरूको पर्दा हाम्रो अगाडि खोलिदा हामी कस्को पक्षमा उभिरहेका हुनेछौं? के अहिले नै हामी आत्मनिर्णय गर्न सक्छौं जसले गर्दा हामी परमेश्वरको पक्षमा उभिन योग्य हुन सकौं?**

## २. दानिएल र येशूको दोस्रो आगमन

जब येशू मसीह बनेर प्रथम पटक आउनुभयो, त्यसबेलाका यहूदीहरूले उहाँद्वारा ठूला चक्रवर्ती राजा भएर पश्चिमी तथा बिदेशी गोरा जाति रोमीको शक्तिशाली शासनबाट अलग गराउन र इस्रायलमा यहूदी धर्मको राज्य स्थापना होस् भन्ने अपेक्षा गरेका थिए। तर उहाँ तिनीहरूको अपेक्षा अनुसार चल्नु भएन न त उहाँको दोस्रो आगमनमा चल्नुहुनेछ। बरू पुरानो पापी र पतित संसारलाई पुनसंरचना गरेर उहाँका भक्तजनहरूलाई त्यहाँ राख्ने उहाँको ठूलो योजना थियो।

पुरानो पृथ्वीलाई मर्मत गरेर नयाँ बनाउने नभएर यो पृथ्वीलाई आगोले पगालेर नयाँ बनाउने भन्ने सत्य सायद पुरानो करारको दानिएल २ मा मात्र प्रकट गरिएको हुनसक्छ।

विश्वका महान् चार साम्राज्यहरूको उदय र पतनको बारेमा दानिएल २ मा देखाइएको छ। ती साम्राज्यहरू बेबिलोन, मिडपर्सिया, ग्रीस र रोम हुन्। अन्त्यमा आएर यूरोप महादेश टुक्रा टुक्रा हुनेछ र तिनीहरू कहिल्यै पनि मिल्नेछैनन् भनेर दानिएलले भविष्यवाणी गरेका थिए (अहिले बेलायतले गरेको, युरोपियन युनियनबाट अलग हुने निर्णय पनि त्यहिँ भविष्यवाणीको यथार्थता हो।) त्यसबेलाको बेबिलोनको विश्वसम्राट् नाबूकदनेसरले सपनामा ठूलो मुर्ति

देखेका थिए। त्यो मूर्ति चक्नाचुर भएको दृश्यले यो संसार कसरी ध्वस्त हुनेछ र येशूको आगमनमा कस्तो खालको पृथ्वी सृजना हुनेछ भनेर देखाएको थियो?

**दानिएल अध्याय दुई पढ्नुहोस् र विशेष गरेर पद ३४,३५,४४,४५मा ध्यान दिनुहोस्। त्यसमा यस संसारको भविष्य कस्तो हुनेछ वा यो पृथ्वी कसरी नाशिनेछ र नयाँ पृथ्वी कसरी सृजना हुनेछ भनेर हामीलाई कसरी सिकाउँछ?ः १ आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेसरले सपनाहरू देखे। उनको मनमा छटपटी भयो र उनी सुत्न सकेनन्। २ यसकारण राजाले जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, बिजुवाहरू र ज्योतिषीहरूलाई उनले देखेको सपना बताइदिऊन् भनी बोलाउने हुकुम गरे। जब तिनीहरू आए र राजाको सामु खड़ा भए, ३ उनले तिनीहरूलाई भने, "मैले एउटा सपना देखेको छु। त्यसले मलाई विचलित बनाएको छ, र यसको अर्थ बुझ्न चाहन्छु।" ४ तब ती ज्योतिषीहरूले आरमेइक भाषामा राजालाई उत्तर दिए, "महाराजा, अमर रहून्! हजूरका दासहरूलाई सपना बताइदिनुहोस्, र हामी त्यसको अर्थ बताउनेछौं।" ५ राजाले ती ज्योतिषीहरूलाई जवाफ दिए, "मैले यही निर्णय गरेको छुः यदि तिमीहरूले मैले देखेको सपना र त्यसको अर्थ बताएनौ भने, तिमीहरू टुक्रा-टुक्रा पारिनेछौ र तिमीहरूका घरहरू उजाड़ पारिनेछन्। ६ तर यदि तिमीहरूले मलाई सपना र त्यसको अर्थ बतायौ भने, मबाट तिमीहरूले उपहारहरू र इनामहरू तथा ठूलो सम्मान पाउनेछौ। यसकारण मलाई मेरो सपना र त्यसको अर्थ बताओ।" ७ फेरि एक चोटि तिनीहरूले जवाफ दिए, 'महाराजाले आफ्ना दासहरूलाई आफ्नो सपना बताइदिनुहोस् र हामी त्यसको अर्थ खोलिदिनेछौं।" ८ तब राजाले जवाफ दिए, "म निश्चित छु कि तिमीहरूले मबाट समय लिएर टार्ने कोशिश गर्दैछौ, किनभने मैले के निर्णय गरिसकेको छु भनेर तिमीहरूलाई थाहा भएको छ। ९ यदि तिमीहरूले मलाई सपना बताएनौ भने तिमीहरूका लागि एउटै मात्र सजाय छ। यो परिस्थिति बद्लिएला भन्ने आशाले मलाई भ्रम र दुष्ट कुरा गर्ने तिमीहरूले मतो गरेका छौ। यसकारण मलाई सपना बताओ, अनि मलाई थाहा हुनेछ कि तिमीहरूले यसको अर्थ मलाई बताउन सक्नेछौ। १० ज्योतिषीहरूले राजालाई उत्तर दिए, "महाराजाले भन्नुभएको कुरा गर्न सक्ने पृथ्वीमा कोही छैन। जति महान् र शक्तिशाली भए पनि कुनै राजाले कुनै जादूगर वा मन्त्रतन्त्र गर्ने वा ज्योतिषीहरूसँग यस्तो कुरा कहिल्यै माग गरेका छैनन्। ११ महाराजाले गर्नुभएको यो प्रश्न अति नै गाह्रो छ। महाराजालाई यो कुरा देवताहरूबाहेक अरू कसैले पनि प्रकट गर्न सक्दैन। ती देवताहरू मानिसहरूका बीचमा बस्दैनन्।" १२ यसले गर्दा राजा रिसले यति चूर भए कि उनले बेबिलोनका सबै**

ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने हुकुम गरे। १३ यसरी ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने घोषणा निस्क्यो र दानिएल र तिनका साथीहरूलाई पनि मार्न भनी तिनीहरूलाई झिकाउन मानिसहरू पठाइए। १४ जब राजाका अङ्गरक्षकका कप्तान अर्योक बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न निस्के, दानिएलले बुद्धिमानी र बड़ो निपुणतासाथ उनलाई प्रश्न गरे, १५ "राजाले किन यस्तो कठोर आदेश निकाल्नुभयो?" तब अर्योकले दानिएललाई सबै कुरा बताइदिए। १६ यो सुनेर दानिएल राजाकहाँ गए र सपनाको अर्थ खोल्नलाई समय पाऊँ भनी बिन्ती गरे। १७ तब दानिएल आफ्नो घर फर्के र आफ्ना साथीहरू हनन्याह, मीशाएल र अजर्याहलाई सो कुरा बताइदिए। १८ बेबिलोनका अरू ज्ञानी पुरुषहरूका साथमा तिनी र तिनका साथीहरू नमारिऊन् भन्ने खातिर यो रहस्य खोल्न स्वर्गका परमेश्वरको कृपा मिलोस् भनी तिनले आफ्ना साथीहरूलाई उहाँसँग प्रार्थना गर्न अनुरोध गरे। १९ राती दर्शनमा दानिएललाई यसको रहस्य प्रकट गरियो। तब दानिएलले स्वर्गका परमेश्वरलाई प्रशंसा गरे, २० र भने, "सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ। २३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिंदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो, तपाईंले हामीलाई राजाको सपना प्रकट गर्नुभयो।" २४ तब दानिएल बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न भनी राजाले खटाएका अर्योककहाँ गएर उनलाई भने, "बेबिलोनका ज्ञानी पुरुषहरूलाई नमार्नुहोस्। मलाई राजाकहाँ लैजानुहोस् र म उहाँलाई उहाँको सपनाको अर्थ बताइदिनेछु।" २५ अनि अर्योकले दानिएललाई तुरुन्तै राजाकहाँ लगे र भने, "यहूदाबाट आएका प्रवासीहरूमध्ये एक जना मानिसलाई मैले भेट्टाएको छु, जसले राजालाई सपनाको अर्थ बताउन सक्छ।" २६ राजाले दानिएललाई (जसको नाउँ बेलतसजर पनि हो) सोधे, "के तिमी मेरो सपना र त्यसको अर्थ बताउन सक्छौ?" २७ दानिएलले जवाफ दिए, "महाराजाले सोध्नुभएको रहस्यको कुरा कुनै पनि ज्ञानी पुरुष, मन्त्रतन्त्र गर्ने, जादूगर वा जोखना हेर्नेले बताउन सक्दैन, २८ तर स्वर्गमा एक परमेश्वर हुनुहुन्छ, जसले रहस्यका कुराहरू प्रकट गर्नुहुन्छ। उहाँले महाराजा नबूकदनेसरलाई भविष्यमा हुने कुराहरू

देखाउनुभएको छ। हजूर ओछ्यानमा ढल्किरहनुहुँदा हजूरको मनमा भएका सपना र दर्शनहरू यी नै हुन्: २९ "हे महाराजा, हजूर ओछ्यानमा ढल्किरहनुभएको बेला हजूरको मन भविष्यमा के हुने होला भन्ने तर्फ गयो, र रहस्य प्रकट गर्नुहुनेले भविष्यमा हुने कुरा देखाउनुभएको छ। ३० तर जसै मलाई यो रहस्य खोलिएको छ, अरू जीवित प्राणीहरूभन्दा ममा बढ्ता बुद्धि भएको कारणले होइन तर यसैकारण कि हजूर महाराजालाई सपनाको अर्थ खोलिओस् र हजूरको आफ्नो मनमा भएका कुरा बुझ्न सक्नुभएको होस् भनेर हो। ३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, चाँदी, काँसो र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाए झैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पक्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ "हजूरपछि, हजूरको (बेबिलोन) भन्दा अलि कमजोर राज्य (चाँदी अर्थात् मिडपर्सिया) खड़ा हुनेछ। त्यसपछि काँसोको (ग्रीक) तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य (रोम) आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो,

केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभए झैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन (अहिलेको विभाजित युरोप तथा विश्व)। ४४ “यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। “महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।” ४६ तब राजा नबूकदनेसरले दानिएलको अगाड़ि घोप्टो परी दण्डवत् गरे र तिनलाई आदर गरे, र तिनलाई भेटी र धूप चढ़ाउन भनी हुकुम गरे। ४७ राजाले दानिएललाई भने, “साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।” ४८ तब राजाले दानिएललाई उच्च पदमा राखे र धेरै बहुमूल्य उपहारहरू दिए। उनले तिनलाई बेबिलोनका समस्त प्रदेशमाथि शासक बनाए र त्यहाँका सबै ज्ञानी पुरुषहरूका प्रधान तुल्याए। ४९ त्यसबाहेक दानिएलको अनुरोधमा राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रदेशमाथि प्रशासक नियुक्त गरे। दानिएल आफैचाहिँ राजदरबारमै रहे।"

येशूको दोस्रो आगमनमा यो पृथ्वीको गति के हुनेछ भनेर माथिका पदहरूले स्पष्टरूपमा जनाएको छ। पर्मेश्वरले आफू त्यो ढुँगा , जो यस पृथ्वीलाई चक्नाचुर पार्ने तत्व हुनुहुन्छ भनेर आफ्नो पहिचान गराउनुभएको छ।(लूका २०:१७,१८) अरामिक भाषामा दानिएल २:३५मा सुन, चाँदी, काँसा, फलाम जस्ता विश्वसाम्राज्य र तिनीहरु टुक्रिएर बनेको माटोरूपी बर्तमान विश्व राष्ट्रहरूलाई ठूलो पत्थर वा आकाशबाट आएको पिण्डले धुजा धुजा पारेपछि के हुनेछ भन्ने कुरा लेखिएको छः "जसरी धानलाई काटेपछि त्यसलाई निफनेर भुसलाई अलग गरिन्छ र हावाले त्यो भुसलाई उडाएर लान्छ र अन्ततः त्यो भुस त्यतिकै अलप हुन्छ, त्यहिगति यो पृथ्वीको पनि हुनेछ।" अर्थात् जब येशू आउनुहुनेछ तब यस पृथ्वीको कुनै पनि पुरानो अस्तित्व बाँकी रहनेछैन।

फेरि त्यसै वखत त्यो पत्थर वा पिण्ड जसले यस पृथ्वीलाई ध्वस्त पारेर त्यसको अस्तित्व पनि राख्दैन र त्यो आफै भयानक ठूलो पहाड जस्तो बनेर यस पृथ्वीलाई धकिदिनेछ। येशूको आगमनपछि उदय हुने राज्य कहिल्यै पनि नाश हुनेछैन र सदासर्वदा अटल भएर रहिरहनेछ (दानिएल २:३३)।

यस संसारमा युगौं युगसम्म रहेका मानव प्राणीहरुको भविष्य केवल दुईमध्ये एक मात्र रहनेछः कि त अनन्त समयसम्म येशूसँग रहने या त भुस जस्तै अस्तित्व विहीन भएर पुरानो पृथ्वी जस्तै बिलाएर जाने। यी दुई बाहेकको अर्को मध्यमार्ग बाइलबले देखाएको छैन। यिनै दुईमध्ये एक विकल्प हामीले चुन्नुपर्ने हुन्छ।

## ३. लामो भविष्यको प्रतिक्षामा

**हामीमा महान् आशा के छ र त्यसलाई हामीले किन पकडि राख्नुपर्छ? हेर्नुहोस् तितस २:१३ "हाम्रो धन्यको आशा– हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिक्षा गर्दछौं।"**

यो जगतको उत्पत्ति कसरी भयो भनेर विश्वासकासाथ एक जना वैज्ञानिकले व्याख्या गर्दै भने, "१३ खरब वर्ष अघि अचानक एउटा बाक्लो भयानक असिमित पदार्थ कुनै अस्तित्व नभएको स्थानबाट आफै उत्पत्ति भयो। त्यो पदार्थ बिस्फोट भयो र त्यही विस्फोटबाट हाम्रो जगत र पृथ्वी उत्पन्त भयो।" तर त्यो असिमित बाक्दो पदार्थ कुनै अस्तित्व नभएको ठाउँबाट कसरी उत्पन्न भयो सो कुरा ती वैज्ञानिकले व्याख्या गरेनन्। तर उनले विश्वासद्वारा त्यो भएको अनुमानतमात्र गरेका थिए।

हाम्रो उत्पत्ति कसरी भयो र अन्त्य कसरी हुनेछ भनेर यस अध्यायको शुरूमा हामीले चर्चा गरेका थियौं। हाम्रो शुरुवातसंगै अन्त्य पनि जोडिएको हुन्छ भन्ने मिठो आशामा हामी छौं(अनन्त राज्यमा प्रवेश गर्ने आशामा ) तर ती वैज्ञानिकको विश्वास अनुसार हाम्रो अन्त त्यस्तो आशालाग्दो देखिदैन। किनभने जुन भयानक र ठूलो पदार्थबाट जगतको सृष्टिभयो त्यसको अन्त्य आखिरमा अस्तित्वविहीन भएर जानेछ। अनि त्यसमा भएको पृथ्वी र मानव प्राणीको अन्त्य पनि त्यस्तै हुनेछ।

तर उक्त धारणाको बिपरित बाइबलमा उल्लेख गरिएको हाम्रो उत्पत्ति धेरै तर्कयुक्त छ साथै अत्यन्तै आशाजनक पनि छ। हामीलाई सृजनुहुने परमेश्वरलाई धन्यवाद होस्, किनभने उहाँले गर्दा हाम्रो भविष्य पनि उज्यालो छ। भविष्यमा हुने कुराहरूमा हामी कति आशावादी छौ र त्यही आशामा येशूको दोस्रो आगमनको प्रतिक्षामा हामी विश्राम लिइरहेका छौं।

**१ तिमोथी ४:६-८मा पावलले के भनिरहेकाछन् र उनको आशा यहाँ केमा राखेका छन्? हेर्नुहोस्ः " ६ किनभने, म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ। ७ मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। ८ अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।"**

रोमको सम्राट् निरोको हातद्वारा पावलको शिर छेदन हुनेछ भनेर उनलाई थाहा थियो। तैपनि मुक्तिको निश्चितता र येशूको आगमनको आशामा उनी बाँचिरहेका थिए। आफ्नो धार्मिकता होइन तर येशूको धार्मिकतामा (१ तिमोथी १:१५) उनी धार्मिकताको मुकुट पाउने छु, भनेर ढुक्क भएका थिए। येशूको दोस्रो आगमनको प्रतिज्ञामा पावलको आशा थियो। उनको तत्कालीन स्थितिको बारेमा उनलाई चिन्ता थिएन (उनलाई मार्न झ्यालखानामा थुनिएको थियो)। अहिले जे भएतापनि अनन्तको भविष्य उज्यालो छ भन्ने आत्मज्ञान उनमा थियो। उनको वर्तमान र तत्कालको जीवनमा उनको ध्यान थिएन तर परमेश्वरले दिनुहुने अनन्त जीवनको महान् चित्रलाई उनले हेरिरहेका थिए।

**तपाईंको वर्तमान स्थिति जस्तोसुकै भएतापनि तपाईंमा पनि पावलको जस्तो आशा कसरी जगाइ राख्ने? परमेश्वरले कोर्नुभएको ठूलो चित्रमा हेर्न र त्यसमा प्रदान गरिने आशामा रहिरहन हामीले कसरी सिक्ने?**

## ४. आकाशका बादलहरूबाट

येशूभक्तहरूको आशाको केन्द्र र निर्णायक चरमबिन्दु नै बाइबल अनुसार येशूको दोस्रो आगमन हो। तर कतिपय इसाईहरूले उहाँको आगमनलाई व्यक्तिगत र आँखाले देखिनेगरी प्रत्यक्ष वा अक्षरस हुँदैन भनेर प्रचार गर्दछन्। कतिपयले त येशूको आत्मा यस संसारको चर्चमा आयो भने उहाँको दोस्रो आगमन भएको ठहरिन्छ भनेर जिकिर गर्छन्। अर्को शब्दमा भन्ने हो भने जब उहाँका जनहरूमा इसाई धर्मको नैतिक नीतिहरू लागु हुन्छ तब उहाँको दोस्रो आगमन पूरा भएको ठहर्छ भनेर ती इसाईहरूले ठोकुवा गरेर मानिसहरूलाई सिकाउँछन्।

बाइबल अनुसार त्यस्तो शिक्षा गलत छ भन्ने कुरामा हामी विश्वस्त हुनुपर्छ। यदि कुनै न कुनैं रितिले येशूको दोस्रो आगमन भइसक्यो भनेर हामी विश्वास गर्न पुग्छौं भने हामीमा भएको अनन्त भविष्यको आशाको अर्थ के रह्यो त ?

नयाँ करारमा उल्लेखित देहायका पदहरूमा येशूको दोस्रो आगमनको वारेमा पढ्नुहोस्। उहाँको आगमन कुन प्रकारले हुन्छ भनेर कसरी ती पदहरूले देखाउँछन्? हेर्नुहोस्ः मत्ती २४ः३० " तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।", १ थेस्सोलिनिकी ४ः१६-१८ " १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।", प्रकाश १ः७ " हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।" र २ थेसलोनिकी १ः७-१० " ५ परमेश्वरको धार्मिक इन्साफको साक्षी यही हो, कि तिमीहरू परमेश्वरका राज्यको योग्य ठहरिन सक, जसको निम्ति तिमीहरू दुःख भोगिरहेछौ। ६ परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख दिनुहुन्छ, ७ र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। ८ परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। ९ तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, १० जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ, किनभने तिमीहरूलाई दिएको हाम्रो साक्षीमा तिमीहरूले विश्वास गर्‍यौ।"

"आकाश खोलेको र बन्द गरेको जस्तै हुनेछ। परमेश्वरको सिंहासनबाट तेजस्वीमय महिमा चम्केको जस्तै देखिनेछ। पहाडहरू हावाले उडाएको पराल जस्तै **हल्लिनेछन्** र खस्रो ढुँगा जस्तै जताततै छरिनेछन्। जब उहाँको आगमन हुन्छ तब ठूलो हुरी बतासहरु गर्जिनेछन्। समुद्र प्रचण्ड रूपले हल्लिनेछ। राक्षसहरूका आवाज जस्तै बिध्वंस मच्चाउन हुरीबतास चर्किनेछन्। सारा पृथ्वी समुद्रको छालमा हुत्तिए जस्तै हुनेछ। जमीनहरू फाट्नेछन्। पृथ्वीका जगहरू नै हल्लिरहेको जस्तै हुनेछ। पहाडका लहरहरू

डुब्दै जानेछन्। मानिसहरू भएका टापुहरू बिलय हुनेछन्। समुद्रका तटहरू वा समुद्रका किनाराका सहरहरू जुन सदोम जस्तै दुष्ट भएका छन् तिनीलाई क्रोधित पानीले निल्नेछ। परमेश्वरको सामु महान् बेबिलोन अब देखिनेछ ताकि परमेश्वरको प्रचण्ड क्रोधको मद्य कचौरा उनले पिउनुपर्नेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६३७बाट रूपान्तरित।

येशूको आगमनमा यस्तो भयङ्कर घटना हुनेछ कि अहिले भएको पृथ्वी पूर्ण रूपमा ध्वस्त हुनेछ। त्यसबाट कोही पनि उम्कने छैन। सबैले थाहा पाउनेछन्। जुन काम येशूले आफ्नो प्रथम आगमनमा गर्नुभएको थियो त्यो उहाँले दोस्रो आगमनमा फत्ते गर्नुहुनेछ।

**येशूको आगमनको वास्तिविकता जानेर हामीले अहिले नै कस्तो जीवन जिउने सोच्नुहोस्। हाम्रो जीवनको महत्त्वपूर्ण चिज के हुनेछ, सोलाई मात्र ध्यान दिनु किन जरुरी छ?**

## ५. जिउँदा र मरेकाहरू

यूहन्ना ११ अध्यायमा एउटा अत्यन्तै रोचक घट्ना उल्लेख गरिएको छ। जो यस प्रकार छ, येशूको साथी लाजरस बिरामी भएर मरेका थिए र उनलाई गाडिएको थियो। उनको दिदी मार्थालाई सान्त्वना दिँदै येशूले भन्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ। जसले मलाई विश्वास गर्छ, ऊ मरेपनि जिउनेछ (यूहन्ना ११:२५)। चार दिनपछि येशू आफ्नो साथी लाजरसको चिहानमा उभिनुभयो। उहाँ केवल अर्ती वा मुखले बोल्नेमात्र व्यक्ति हुनुहुन्न तर कामबाट पनि उहाँ को हुनुहुन्छ भनेर देखाउने व्यक्ति हुनुभएकोले उहाँले चिहानको सामु सबैलाई चकित पार्दै, लाजरस राखिएको चिहानको ढुङ्गा हटाउन आदेश दिनुभयो। अनि उहाँले बोलाउनुभयो, "लाजरस, बाहिर निस्केर आऊ।" चारदिनसम्म गाडिएको झन्डै गन्हाउन लागेका लाजरस कपडाले बेरिएका भएतापनि निस्केर आए र येशूले उनको बेरिएको कपडा फुकाल्न लगाउनु भयो अर्थात् उनी यथार्थमा गन्हाएका थिएनन्। यूहन्ना ११:१-४६।

येशूलाई विश्वास गर्दैमा कोही बिरामी नै हुँदैन भन्ने होइन, न त कोही मर्दैन भन्ने नै हो। तर उहाँले वचन दिनुभए अनुसार उहाँका विश्वासीहरू मरेपनि जिउनेछन्। लाजरसको कथा एक उदाहरणमात्रै हो। पुनरुत्थान भन्नु नै मृत्युबाट बिउँतनु हो। (जसरी टायरको हावा खुस्कदा हावा हावामै बिलाएर जान्छ तर टायरको हावा विलाए जस्तो हाम्रो आत्मा कतै बिलाएर जाने होइन। जब पुनरुत्थान हुन्छ जसरी लाजरस चिनिएका थिए र उसको

व्यक्तित्वको पहिचान कायमै थियो त्यसरी नै हामी पनि हुनेछौं।) त्यसैले येशूको आगमन हाम्रो सम्पूर्ण आशाको केन्द्रविन्दु हुन गएको छ।

**जब येशू बादलमा सबैले देख्ने गरेर आउनुहुनेछ तब मरेकाहरू के हुनेछन् भनेर बताइएको छ ? हेर्नुहोस्ः रोमी ६ः ५ "यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं।", १थेसलोनिकी ४:१३-१८ "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" र १ कोरन्थी १५:३५-५७ "३५ तर कसैले सोध्ला "मृतकहरू कसरी पुनर्जीवित हुन्छन्, र तिनीहरू कस्ता किसिमको शरीर लिएर आउनेछन्?" ३६ हे मूर्ख! जे तिमी रोप्तछौ त्यो नमरिकन सजीव हुँदैन। ३७ जे तिमी रोप्तछौ त्योचाहिँ पछि हुने शरीर होइन, तर बीउ मात्र रोप्तछौ, चाहे त्यो गहूँ, अथवा अरू कुनै किसिमको अन्न होस्। ३८ तर आफूलाई खुशी लागेबमोजिम परमेश्वरले त्यसलाई एउटा शरीर दिनुहुन्छ, र हरेक किसिमको बीउलाई त्यसैको शरीर दिनुहुन्छ। ३९ सबै शरीर एकै किसिमका हुँदैनन्। मानिसको शरीर एक किसिमको, र जीवजन्तुहरूको अर्कै किसिमको, चराहरूको अर्कै किसिमको र माछाहरूको अर्कै किसिमको शरीर हुन्छ। ४० अनि शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन्। स्वर्गीय शरीरको तेज एक किसिमको छ, र पार्थिव शरीरको तेज अर्कै किसिमको। ४१ सूर्यको तेज एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ। ४२ मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ। ४३ अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ,**

शक्तिमा त्यो जीवित हुन्छ। ४४ प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ। प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ। ४५ यसकारण यस्तो लेखिएको छ, "पहिलो मानिस आदम जीवित प्राणी भयो।" अन्तिम आदम जीवन दिने आत्मा भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ आत्मिक हो। ४७ पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस स्वर्गको हो। ४८ माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९ जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं। ५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।"

हाम्रो महान् आशा हाम्रो पुनरुत्थानमा छ। तर हाम्रो पुनरुत्थानमा हाम्रो शरीर कस्तो हुनेछ त? त्यस्तै हुनेछ जब येशू बौरी उठिसकेपछि उहाँको शरीर कस्तो थियो। उहाँको पुनरुत्थानमा हाम्रो आशा छ र उहाँको पुनरुत्थान भएकोले हाम्रो पनि पुनरुत्थान हुनेछ भनेर निश्चित हुन सक्छौं।

जब येशू दोस्रो पल्ट आउनुहुनेछ तब नमरिकन बाँचिरहेका येशूभक्तहरूको अवस्था कस्तो हुनेछ त? हेर्नुहोस्, फिलिप्पी ३:२१ "उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ।" र १ थेसलोनिकी ४:१७ "तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं।"

येशूको आगमनमा बाँचिरहेका येशूभक्तहरूले तिनीहरूको शरीर र रूप कायमै राख्नेछन् तर अहिलेको जस्तो नाशवान होइन। तिनीहरूको जीवन अलौकिक ढङ्गले पूर्ण रुपमा परिवर्तन हुनेछ। तिनीहरूको शरीर मरेर गएकाहरूको पुनरुत्थान हुँदा भ्रष्ट नहुने खालको हुनेछ। "आँखाको निमेषमा जीवित धर्मीहरू परिवर्तन हुनेछन्। परमेश्वरको आवाजले तिनीहरू महिमित हुनेछन्। तिनीहरू अमर हुनेछन् र जिउँदा भएका सन्तहरूको साथमा तिनीहरू आकाशमा येशूलाई भेट्न उक्लिनेछन्।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६४५बाट रूपान्तरित।

**यस संसारमा तपाईंलाई मनपर्ने चिजहरु के के हुन् ?त्यसको सूची बनाउनुहोस्। त्यो सूचीमा के के पर्छन्? ती चिजहरुले तपाईंको अनन्त जीवनको लागि सघाउ वा बाधा के गरिरहेको छ? आफैसंग सोध्नुहोस्।**

## उपसंहारः

**थप जानकारीः** येशूको दोस्रो आगमन पापी मानव जीवन र पतित संसारमा भइरहेको दुःखकष्टको दुःखद कथाको उपसंहार होइन न त कुनै पुस्तकको पछाडिपट्टि लेखिने परिशिष्ट नै हो। बरू येशूको आगमन महान् चरमबिन्दु हो। येशूभक्तहरूको निम्ति यो विश्वास तथा निष्ठाको महान् आशा हो। यदि येशू आउनुभएन भने हाम्रो विश्वास, निष्ठा र आशाको अर्थ के रह्यो र? उहाँको आगमन बिना मानव इतिहास निरन्तररूपमा बगिरहनेछ, एक कहालीलाग्दो वा दुःखद दृश्यबाट अर्को दुःखद दृश्य आइरहनेछ र एक बियोगान्त घट्नापछि अर्को बियोग चलिरहनेछ र अन्तमा केवल मृत्यु। येशू ख्रीष्ट आउनुभएन भने हाम्रो जीवनको कथा कस्तो हुन्छ भनेर बेलायतका पन्द्रौं शताब्दीका प्रसिद्ध नाटककार विलियम शेक्सपियरले भनेरका थिए, "हाम्रो जीवन कथा मूर्खले वचन गरेको कथामात्र हुनेछ। ठूला ठूला आवाज वा फुइफुट्टी लगाउने र प्रचण्ड शक्ति देखाउने क्षणिक तत्वमात्र हुनेछ र त्यो अर्थहीन भएर जानेछ।" तर हामीमा आशा छ किनभने (रमेश्वरको वचनले बारम्बार अनुमोदन गरि आएको छ कि यो संसार सदासर्वदा त्यसै चलिरहने छैन, एक दिन नाश हुनेछ (वैज्ञानिकहरूले पनि यो संसार कसरी नाश हुनेछ भनेर अनेकौं अडकलबाजी लगाउँदैछन्)। उहाँको जीवनद्वारा हाम्रो पापको फिरौती तिरिसकिएकोले (मर्कूस १०:४५) उहाँ आउनुहुनेमा हामी निश्चिन्त छौं। आकाशका ताराहरूले येशूको आगमनको बारेमा हामीसँग बोल्दैनन्। रुखहरूमा बसेर फूर्तिलो स्वरले चिरबिर गरिरहने चराहरूले उहाँको आगमनको घोषणा गर्दैनन्। हो, तिनीहरूले केही असल कुरालाई औंल्याउलान्, कुनै

आशाको वास्तविकतालाई देखाउलान्। तर एक दिन जब तुरहीको आवाज बज्छ, मरेकाहरू नाश नहुने अमरत्व शरीर लिएर उठ्नेछन् र परिवर्तन हुनेछन् (१ कोरन्थी १५:२२) भनेर पनि तिनीहरूले सिकाउँदैनन्। एक दिन हाम्रो आँखाले माथि हेर्नेछ र शक्तिशाली र तेजस्वीमय परमेश्वरको दायाँ हाततर्फ बसिरहनुहुने मानिसको पुत्र स्वर्गको बादलहरूबाट ओर्लिरहनुभएको हामीले देख्नेछौं भनेर तिनीहरूले सिकाउँदैनन्। अन्यत्र कतै होइन परमेश्वरकै वचनमा त्यो महान् आशाको बारेमा बताइएको छ र उहाँको वचनको प्रतिज्ञा पूरा गर्नुहुनेछ भन्ने कुरामा हामी पूर्ण भरोसा राख्दछौं।

**चिन्तनमनन:**

अ) **कतिपय इसाई भनाउँदाहरूले नै येशूका नीतिहरू उहाँका भक्तहरूले यस संसारमा पालन गर्छन् भने त्यसलाई नै उहाँको दोस्रो आगमन भएको मानिन्छ भनेर सिकाउँदछन्।** हो, उहाँका नीतिहरू उहाँका भक्त जनहरूले **पालन गरेर देखाउनु जरुरी त छ नै तर येशू आउनु भएन भने हाम्रो आशाको के नै अर्थ रह्यो त ?**

आ) **केही नभएको सुन्यताबाट अचानक केही थोक उब्जिएर यो संसार सृष्टि भयो भन्ने कुरा किन बेकुफीपना वा मूर्खतापूर्ण कुरा हो? कतिपयले त्यस शिक्षालाई किन बढाइचढाइ गरेर सिकाउँदछन्? त्यसलाई किन विश्वास गर्दछन्? सदासर्वदा रहिरहने सनातन अनन्तको परमेश्वरले नै यो जगत सृष्टि गर्नुभयो भन्ने शिक्षा किन बढि तर्कयुक्त र व्याख्या गर्न उचित छ?**

इ) **बर्तमान संसारमा अनन्त जीवनलाई जोखिममा पारेर तपाईंले च्यापिरहनुभएको मनपर्ने थोकहरू के के छन्, विश्वासी मित्रहरूको बीचमा छलफल गर्नुहोस्। यस विषयमा अरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ? कतिपय मानिसहरू येशूलाई र उहाँको आगमनलाई वास्ता नगरी आ-आफ्नै तालमा चल्न मन पराउँछन्, तिनीहरूले अनन्त जीवनको स्वाद र आशा कसरी गुमाइरहेका हुन्छन् ? सोच्नुहोस्।**

कथा १३

## उहाँको नाउँ लिँदा पीडा हुन्छ

क्लासमा नियमित किन नआएको भनेर १४ वर्षकी छात्रालाई पास्टरले आफ्नो अफिसमा बोलाएर सोध्छन्। ती छात्राको नराम्रो व्यवहारको बारेमा कुराकानी भइरहदा त्यहाँ त येशू र शैतानको बीचमा भएको लडाईंको बारेमा पो कुरा गर्न गइयो। जब आठ कक्षाकी डेज्बा  र होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको चर्च पास्टरसँग कुराकानी भइरहेको थियो स्कूलको मानेजर गिजल ओर्टिजले त्यहाँ भइरहेको ठाक-ठुक वारे थाहा पाइन्। जब पास्टर फिलले येशूको नाउँ लिए तब ती छात्राको शरीर काम्यो र चिच्याउदै भन्न थालिन "चुप लाग्नुहोस्, जब तपाईंले उहाँको नाउँ लिनुहुन्छ तब मलाई पीडा हुन्छ।" शैतानका आत्माहरूलाई जित्न येशूले शक्ति दिनुहुन्छ भन्ने उहाँका प्रतिज्ञाहरू छन् भनेर पास्टरले बाइबलबाट पढे।

पास्टरले जब जब येशूको नाउँ लिन्थे, तब तब ती छात्रा चिच्याएर "चुप लाग्नुहोस्"  भन्थिन्। "येशू प्रभु हुनुहुन्छ। उहाँले तिमीलाई स्वतन्त्र गर्न चाहनुहुन्छ। यदि तिमीले येशूलाई ग्रहण गर्‍यौ भने यो आवाज तिमीबाट सदाको निम्ति बिलाएर जानेछ" पास्टर फिलले शान्त भएर भने।

यो त बक्सिङ्ग खेलेको जस्तै भएको थियो। छात्रा चिच्याइरहेकी र पास्टर निडर भएर तिनलाई सम्हाल्न खोजिरहेका। येशूले तुरन्तै ती छात्रालाई शैतानबाट छुट्कारा दिउन् भनेर बाइबलका प्रतिज्ञाहरूलाई सम्झदै गिजलले मनमनै प्रार्थना गरिरहेकी थिइन्। जब पास्टरले फेरि अर्को बाइबलको पद पढे तब ती छात्रा त झनै चिच्याएर लडिबुडि गर्दै भुईमा पो लडिन्। "मलाई केही भएको छैन किनभने येशूको नाउँ धेरै शक्तिशाली छ। तिमीले उहाँलाई तिम्रो हृदय देऊ। उहाँलाई समर्पण गर" पास्टर फिलले कराउँदै भने। तर डेज्बा भुईंमा लडिबुडि गर्दै चिच्याइन् "मलाई दुःख्छ, मलाई पीडा हुन्छ।" अनि तिनी अचानक उठेर बोर्डिङ्ग स्कूलबाट बाहिर भागिन्। ती छात्रा गिजेलतिर फर्किइन्। उनको अनुहार भन्नै नसकिने खालको थियो। छात्रा डेज्वा होइन तर शैतानले गिजेललाई हेरिरहे जस्तो उनलाई लाग्यो रे, एकछिनपछि उनी पनि डरले काम्न थालिन्।

भवनको बाहिरपट्टी  डेज्बासँग गिजेलपनि खुडिकिलामा बसिन् र पास्टर फिलिप पनि त्यहीं आइपुगे। "जबसम्म तिमीले येशूको नाउँ लिँदैनौ तब

सम्म शैतानले तिमीलाई छोड्नेछैन" भनेर पास्टरले सम्झाए। त्यतिकैमा डेज्बा घाँसमा लड्दै, चिच्याएर भन्न थालिन "म येशूलाई ग्रहण गर्छु, म येशूलाई ग्रहण गर्छु।" "के तिमीले तिम्रो जीवनमा येशूलाई ग्रहण गर्छ्यौ?" पास्टरले फेरि सोधे। पीडादायी आवाजमा डेज्बाले भनिन्, "म येशूलाई मेरो जीवनमा स्वीकार्छु।" एकै छिनमा सबै शान्त भयो र दुष्ट आत्मा ती छात्राबाट निस्क्यो त्यसपछि उनी एक छिन त चल्नै नसक्ने भइन्। "तिमीलाई थकाइ लागेको छ?" पास्टरले सोधे। "हो" नरम भएर डेज्बाले जवाफ दिइन्।उता गिजेल भने भावुक बन्दै रून थालिन्। "ती छात्राले जितेको देख्दा मलाई अत्यन्त खुशी लागिरहेको छ" पछि गिजेलले भनिन्। केही समयपछि डेज्बा गिजेलको सहायताले होस्टेलमा फर्किइन् र येशूको निम्ति अलग्गै बसेर दुबै जना मिलेर बाइबलका प्रतिज्ञाहरू लेखे अनि भित्तामा झुन्ड्याए।

साउथ वेस्टर्न एडभेन्टिस्ट विश्वविद्यालयबाट स्नातक (ग्राजुएट) भएकी २७ वर्षकी गिजेलले डेज्बाको जीवनमा घटेका घट्नामात्र होइनन् होलब्रुकका अरू कर्मचारीहरूले पनि येशू र शैतानको बीचमा भएको द्वन्द प्रत्यक्ष रूपमा देखेका थिए। एक दिन एक जना छात्रा गिजेलको अफिसमा आइन् र उनले आफ्नो ओठ चलाउन थालिन् र कुनातिर एकटकले हेरिरहिन्।त्यहाँ तिनले मरेको झट्केलो बुबालाई देखें भनेर भनिन्। गिजेलले कोठाभरी चिसो भएको अनुभव गरिन्। उनले प्रार्थना गरिन् र दुष्ट आत्मालाई निस्केर जा भन्दै हकारिन्। अनि त्यो आत्मा बिलाएर गयो।

होस्टेलमा अलौकिक क्रियाकलाप भएको कुरालाई विद्यार्थीहरूले पनि रिपोर्ट गरेका थिए। तिनीहरूले आवाजहरू सुनेका र नयाँ नयाँ कुराहरू देखेका थिए रे। जब छात्राहरूको होस्टेलमा सहायक भएर काम गर्न गिजेल गएकी थिइन् तब उनको कोठामा एक रात कालो बादलले छोपेको अनुभव गरेकी थिइन्। उनले उनको दिमागमा यो आवाज आएको सुनिन् "अहिले नै तिमीले प्रार्थना गर्नुपर्छ।" उनले मेचमा घोप्टो पर्दै भनिन् "हे प्रभु मलाई के भइरहेको छ सो थाहा छैन। मलाई र यी छात्राहरूलाई तपाईंका स्वर्गदूतहरूले रक्षा गरुन्।" भोलिपल्ट बिहान छात्राहरूको डिनले भनिन् "हिजो राती मेरो कोठामा कोही आए जस्तो लाग्यो र मलाई अदृश्य हातले ओछ्यानमा घचेटे जस्तो लाग्यो। मेरो त सातो नै गयो र म चल्नै नसक्ने भएँ। अनि एक छिनपछि त्यो हात बिलाएर गयो।"वास्तवमा  गिजेलको प्रार्थनाले नै त्यो हात बिलाएर गएको थियो।

यस्ता अनुभव दिने खालका घटनाहरूले येशू र शैतान बीचको संघर्ष कुनै मनगढन्ते विषय नभएर वास्तिविक नै हुन् भनेर गिजेललाई विश्वास लागेको छ।

“यदि हामीले वास्ता गरेनौं वा परमेश्वरको उपस्थिति हामीमा भएन भने शैतानको शक्तिले काम गर्दो रहेछ भनेर मैले महसुस गरें। यदि हाम्रा विद्यार्थीहरूलाई प्रभुको ज्योति निरन्तर रूपमा उपलब्ध गराएनौं भने शैतानको अन्धकारले छोपिदिने रहेछ र फेरि दुष्ट आत्माले तिनीहरूलाई सताउँदो रहेछ।" गिजेलले भनिन्। गिजेलले मिसनको काम असाध्यै मन पराउँछिन्। त्यो बाहेक अरू कुनै काम गर्न उनी रुचाउदिनन्। “हप्ताको एक दिन चर्चमा सबैको सामु बोलेर मात्र नपुग्दो रहेछ। हामी मानिसहरूसँग हिँड्नुपर्छ र तिनीहरूसँग रुनुपर्छ। मिसनको काममा थकाइ त हुन्छ नि। तर मिसनमा जस्तो जागृत जीवन मेरो कहिल्यै पनि भएको थिएन। परमेश्वरसँग काम गर्नु नै सबै कुराको सौन्दर्यताबाट सुसज्जित हुनु हो। असम्भव ठानिएका कुराहरू तपाईंको जीवनमा उहाँले सम्भव बनाउनु हुन्छ। परमेश्वरको निम्ति काम गर्नु आशिषमय कुरा हो र उहाँलाई आवश्यक भएका मानिसहरूसँग काम गर्नु झनै अत्यन्तै  रमाइलो कुरा हो |" गिजेलले थपिन्।

*-आन्ड्रयु मेकचेस्नी*